अनुदानमा सामुदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धि

# कार्यविधि २०८०

कलैया उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल
२०७३

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मधेश प्रदेश**

**कलैया, बारा**

Scanned with CamScanner

# अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माणसम्बन्धि कार्यविधि २०८०

कलैया उपमहानगरपालिका भित्रका २७ वटै वडाहरुमा लुमन्ति आवासको लागि सहयोग समूह, शहरी गरिवी निवारण मंच, दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि.तथा शहरी सामूदायिक सहयोग कोष लगायत अन्य विभिन्न संघसंस्थाहरुको लागत साझेदारि एवं सहकार्यमा विभिन्न सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण जस्तै (विपन्न समूदायको एकरुपता भएको सामूहिक तथा व्यक्तिगत आवास निर्माण, सामूदायिक भवन निर्माण, विभिन्न मठ, मंदिर, मस्जिद लगायतका कलैया उपमहानरपालिकाको आर्थिक अनुदानमा विकास निर्माणका कार्यहरु संचालन गर्नको लागि यो कार्यविधि तयार गरिएको हो ।

१. संक्षिप्त नाम र विस्तार :

क) यो कार्य बिधीको नाम "कलैया उप-महानगरपालिकाको अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माणसम्बन्धि कार्यविधि २०८०" रहनेछ ।

ख) यो कार्यविधी कलैया उप-महानगरपालिका, लुमन्ति आवासको लागि सहयोग समूह, शहरी सामुदायीक सहयोग कोष शहरी गरिवी निवारण मंच र यस अर्न्तगतका आयोजनाहरुमा मात्र लागु हुनेछ ।

ग) यो कार्यविधी कार्यपालिकाको निर्णय पश्चात तुरुन्त लागु हुनेछ ।

## परिच्छेद-१

**१.२ परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधी**

क. "नगरपालीका" भन्नाले कलैया उप-महानगरपालीकालाई जनाउने छ ।

ख. "कार्यविधि" भन्नाले "कलैया उप-महानगरपालिकाको अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धि कार्यविधि लाई जनाउने छ ।

ग. "लक्षित सामुदाय" भन्नाले यस कार्यविधिको धारा ३.१ मा उल्लेखित व्यक्ति, समुह तथा सामुदायलाई जनाउने छ ।

Scanned with CamScanner

## परिच्छेद-२

उद्धेश्यहरु :- कार्यविधिको निम्न लिखित मुख्य उद्धेश्यहरु हुनेछ ।

२.१ लक्षित सामुदायमा सामूदायिक आवास तथा व्यक्तिगत आवास, सामूदायिक भवन, मठ, मंदिर, पाटिपौवा, मस्जिद लगायत अन्य धार्मिक स्थल, बाटो, नाला लगायतका भौतिक पूर्वाधार विकासका कार्य कलैया उपमहानगरपालकाको अनुदानमा संचालन गर्ने ।

२.२ लक्षित सामुदायको आधारभुत सामाजिक तथा भौतिक पुर्वधारमा पहुँच स्थापित गर्न सहयोग गर्ने ।

२.३ लक्षित सामुदायलाई आर्थिक अवसरहरु प्राप्त गर्न सहयोग गर्ने ।

२.४ साझेदार संस्था तथा शहरी गरिब सामुदायलाई सेवा प्रदान गर्न सबल बनाउने,

२.५ लक्षित सामुदायको जिवनस्तरमा सुधारं ल्याउन आर्थिक तथा सामाजिक विकासको लागी उपयुक्त वातावरणको सृजना गरी गरीबी न्युनिकरणको लागी मदत गर्ने ।

२.६ उल्लेखित उदेश्यहरु पुरा गर्ने अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-३

### लक्षित समुह /समूदाय

३. निर्धारित उदेश्य हासिल गर्नको लागी निम्ननुसारको कार्यविधी अपनाउनेछ ।

**३.१ यस कार्यविधिबाट लाभान्वित हुने वर्ग लक्षित समुह**

कलैया उप-महानगरपालिका भित्र बसोबास गर्ने २७ वटै वडा भित्र शहरी गरिबी अन्तर्गत माग्ने, सुकुमबासी अव्यस्थित बसोबास गर्ने विपन्न वर्ग, कमजोर आर्थिक अवस्था भएका बञ्चित वर्ग, शहरी क्षेत्रमा विभिन्न ठाँउमा छरिएर बसेका गरिब वासिन्दाहरु दलित सामुदायहरु, भाडामा बस्ने गरिबहरु, आर्थिक अवस्था कमजोर भएका विभिन्न अनौपचारीक क्षेत्रमा कार्यरत कामदारहरु पर्नेछन ।

३.२. कुनै पनि सरकारी योजना बाट प्राभावित भई उठीवास भएको सामुदाय ।

३.३. तुरुन्तै बैकल्पिक व्यवस्था गर्न आवस्यक नभए पनि बारम्बार बस्ती उठाउन सुचना आई रहेको छ र सो सामुदायको लागी सोही ठाँउमा बसोबासको ग्यारेण्टीको लागी बकालत गरी बसोबासको सुव्यवस्था गर्न सरकारबाट जग्गा उपलब्ध गराउने निर्णय गरिएको सामुदाय ।

३.४ पहिले देखी बसोबास गर्दै आएको तर बस्न योग्य नभएको तुरन्त बस्ती सार्नु पर्ने आवश्यकता (दैविक प्रकोप) भई अत्यन्त जरुरीको रुपमा निवेदन आएको सामुदाय ।

बिनोद प्रसाद साह
नगर प्रमुख

Scanned with CamScanner

३.५. सरकारको तर्फबाट कुनै किसिमको बाधाव्यवधा नआएको तर बस्तीमा बसोबास गर्नेहरु स्वंयमले सुरक्षित आवासको लागी अन्यत्र बसोबास गर्ने ईच्छा भई निवेदन गर्न आउने समुह वा सामुदाय ।

३.६. कलैया उपमहानगरपालीका भित्रका २७ वटै वडा भित्र छरिएर रहेका रैथाने, आदीबासीहरु संगठीत भई सुरक्षित आवासको व्यवस्थाको लागी निवेदन गर्न समुह वा सामुदाय ।

## परिच्छेद-४

४. अनुदानमा निर्माण हुने परियोजना :

४.१ आवास

४.२ बाटो

४.३ शौचालय

४.४ माटो/ग्राबल

४.५ सामूदाययिक भवन

४.६ धारा/चापाकल तथा चौताल

## परिच्छेद-५

**५. साझेदार संस्थाहरु**

५.१ लुमन्ति आवासको लागि सहयोग समूह

५.२ दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि.

५.३ शहरी सामूदायिक सहयोग कोष

५.४ शहरी गरिबी निवारण मंच

५.५ समूदाय स्तरिय विभिन्न उपभोक्ता समितिहरु

५.६ अन्य विभिन्न संघ संस्थाहरु

## परिच्छेद-६

### कार्यक्रम संचालन विधि :

६. कार्यक्रम संचालन गर्दा निम्न कुरा अवलम्बन गरिने छ ।

६.१ अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धि साझेदार संस्थासंग सम्झौता गर्ने ।

बिनोद प्रसाद साह

Scanned with CamScanner

६.२ समुदायको योजना बनाउने कृयाकलापदेखि लिएर कार्यान्वयनका सबै पक्षहरुको प्रत्यक्ष अवलोकन तथा अनुगमन गरि कार्य सम्पन्न गर्न सहयोग गर्ने ।

६.३ समुदायमा आयोजना हुने बैठक तथा सभाहरुमा प्रत्यक्ष सहभागि हुने र आवश्यक सल्लाह सुझाव दिने । साथै लुमन्ति द्वारा आवासको लागि प्राविधिक सहयोग, अवासको डिजाईन, आवास निर्माण सम्बन्धि गोष्ठि, उपभोक्ता समिति, महिला बचत समुह तथा बाल समूहको गठन लगायत आवास निर्माण कार्यमा नपुग रकमको लागी दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि. मार्फत शहरी सामूदायिक सहयोग कोष-UCSF बाट् सुलभ व्याजदरमा ऋणको लागि पहल समेत गर्ने ।

६.४ साझेदार संस्थाको रुपमा रहेको लुमन्ति, दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि., शहरी गरिवी निवारण मंच तथा शहरी सामूदायिक सहयोग कोषको प्राविधिकले तयार गरेको योजनाको लागत ईस्टिमेट तथा निर्माण पश्चातको लागत मुल्याङ्कन र फाईनल विल तयार गरेको प्रतिवेदनलाई आधार मानि नगरपालिकाले निकाशा दिने ।

६.५ साझेदर संस्थाको नामले रकम निकाशा गर्ने ।

६.६ आवास निर्माण परियोजनाका लाभान्वित ब्यक्ति तथा परिवारहरुका लागि नियमानुसार जग्गा तथा घरको स्वामित्व व्यक्तिगत वा सामुहिक रुपमा उपलब्ध गराउने ।

६.७ आवास निर्माण कार्यको लागि लुमन्तिसंग आवश्यक तथ्याङ्क संकलन गर्ने/गराउने तथा समूदाय भेला लगायत बैठकको आयोजना गर्ने ।

६.८ बस्तिलाई नमुना बस्ति बनाउन थप आवस्यक नपुग रकम क.उ.म.न.पा मार्फत उपलब्ध गराउने ।

६.९ निर्माण कार्यमा प्रयोग हुने सामाग्रीहरुको गुणस्तरीय जाँच गर्ने साथै निर्माण कार्यको अवलोकन सुपरिवेक्षण तथा निरिक्षण गर्ने ।

६.१० प्राप्त भएको अनुदनको कार्य विवरण प्रतिवेदन, विल, भरपाई निवेदन नगरपालिकामा पेश गर्ने ।

६.११ साझेदार संस्थाले उपभोक्ता समितिको खातामा निकाशा गरेको सम्पूर्ण रकम उपभोक्ता समितिले समूदायवासिलाई स्पष्ट रुपमा जानकारी हुने किसिमले आर्थिक कारोबार राख्न लगाउने र कार्य समापन भईसकेपछि पनि सोको विवरणहरु समुदायमा सामाजिक लेखाजोखा गराउने ।

## परिच्छेद-७

## खारेजी तथा बचाव

७.१ यस अधि भएका कार्यहरु यसै विधि अनुसार मानिनेछ ।

विनोद प्रसाद साह
नगर प्रमुख

Scanned with CamScanner